# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर
१ नं. प्रदेश, नेपाल

## औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।

पहिलो पटक प्रकाशित मिति २०७९/०९/०५

यस अरुण गाउँपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.व. २०७९/८० का लागि आवश्यक औषधिहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा आपूर्ति कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:-**

१. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरु तथा आपूर्ति कर्ताहरुले चालु आ.व.को लागि नवीकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, आ.व. ०७८/७९ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मु.अ.करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि, औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरुले दरभाउपत्र पेश गर्दा PPMO's e–GP system www.bolpatra.gov.np/egp मार्फत् सिलबन्दी दरभाउ पेश गर्नु पर्नेछ।

३. **दरभाउपत्र फाराम खरिद सम्बन्धी दस्तुर तथा धरौटी बैंक दाखिलासम्बन्धी जानकारी:-**
   - **बैंकको नाम र ठेगाना:-** सेन्चुरी कमर्सियल बैंक, प्याउली शाखा, भोजपुर।
   - **कार्यालयको नाम:-** अरुण गाउँपालिका, भोजपुर (कार्यालय कोड नं. ०७.८०१.०३)
   - **कार्यालयको खाता नं.** १०२०००००१८ GE (For Bid Document)
   - **कार्यालयको खाता नं.** १०२००००००६GE (For Bid Security)

४. सिलबन्दि दरभाउपत्र पेश गर्दा PPMO's e–GP system www.bolpatra.gov.np/egp मार्फत् मिति २०७९/०९/२० गते दिनको १२ बजेसम्ममा दर्ता गराई सक्नुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र मिति २०७९/०९/२० गते दिनको २:०० बजे दरभाउ पत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

६. दरभाउपत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनुपर्नेछ। दरभाउपत्र दाताले जमानत बापतको रकम नगदै जम्मा गर्नुपर्ने भएमा अरुण गाउँपालिकाको कार्यालय प्याउली भोजपुरको सेन्चुरी कमर्सियल बैंक प्याउली भोजपुरस्थित धरौटी खाता नं १०२००००००६GE मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।

७. पेश भएका दरभाउपत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कम्तीमा ञड महिना बाँकी रहेको हुनुपर्नेछ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तीमा ७५ प्रतिशत म्याद बाँकी रहेको हुनुपर्नेछ।

९. दरभाउपत्र दाताले आफूले आपुर्ति गर्न चाहेको औषधिको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्टसँग उल्लेख गर्नुपर्नेछ।

१०. दरभाउपत्र दाताले आपुर्ति गर्ने औषधि WHO–GMP Certified कम्पनीको हुनु पर्नेछ।

११. दरभाउपत्र दाताले आपुर्ति गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधि प्याकिङ्ग (स्ट्रिप, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नेपाल सरकारकाबाट निःशुल्क वितरणका लागि वा यो औषधि बिक्रीका लागि होइन भनी प्याकिङ्गमा स्पष्टसँग उल्लेख भएको हुनुपर्नेछ। सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन।

१२. आपुर्ति हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोतलमा प्याकिङ भएको हुनु पर्नेछ।

१३. दरभाउपत्र पेश गर्दा औषधि तथा सर्जिकल सामानहरुको Price Schedule अनिवार्य पेश गर्नु पर्नेछ साथै उक्त Price Schedule र e–Bid मा पेश भएको BOQ को भ्याट बाहेकको रकमको आधारमा मूल्यांकन हुनेछ।

१४. दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्नेछ साथै अपलोड गर्ने कागजातहरु PDF Format मा हुनु पर्नेछ।

१५. यसमा उल्लेख हुन छुट भएको अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

**ठेक्का सम्बन्धी विवरण:-**

| क्र. सं. | ठेक्का नं. | विवरण | फारम दस्तुर रु | दरभाउपत्र जमानत रकम र अवधि | | लागत अनुमान रु (with out VAT) |
|---|---|---|---|---|---|---|
| | | | | जमानत रकम रु | अवधि | |
| १. | SQ/Goods/01/ ARUN/079/80 | (औषधि खरिद) Purchase of medicines and surgical supplies | १००० | २९,५००।०० | ७५ दिन | ११,७४,९९३.८१ |

प्रमुख प्रशासकीय अधिकृत